म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १२४ २०८० चैत ११ गते आइतबार 23 March 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔं । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## साहित्य संगमले गऱ्यो ७ जना स्रष्टालाई सम्मान

**सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले विभिन्न क्षेत्रबाट ७ जनालाई छनोट गरेर सम्मान गरेकोमा खुशी व्यक्त गर्नुभयो ।**



समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरले ३ सय ४१ औं नियमित साहित्य सन्ध्याको अवसरमा ७ जना साहित्यकारलाई सम्मान गरेको छ । शनिबार साहित्य संगम मकवानपुरको सभाहलमा आयोजित कार्यक्रममा ७ जना साहित्यकारहरुलाई संगमले स्थापना गरेको विभिन्न पुरस्कारबाट सम्मान गरेको हो ।

मकवानपुर जिल्लामा रहेर नेपाली साहित्य, कलाकारिता तथा अभियानको माध्यमबाट आफ्नो नाम परिचित गराउन सफल ईन्द्रजित शर्मा चौलागाईंलाई मकवानपुर साहित्यश्री २०८० बाट सम्मान गरिएको छ। शर्माको योगदानको कदर गर्दै १५ हजार ५ सय ५५ रुपैयाँको नगद राशिसहित सम्मान गरिएको हो ।

लामो समयदेखि छन्द कविताको माध्यमबाट नेपाली साहित्य क्षेत्रमा छन्द कविता र काव्य क्षेत्रमा दिएको योग्दानको कदर गर्दै भेषनाथ स्मृति साहित्य सम्मान २०८० बाट साहित्यकार कल्पना काफ्लेलाई सम्मान गरिएको छ । कवि विशाल अधिकारी आशुतोषले आफ्नो पिताको नाममा स्थापना गर्नुभएको १५ हजार ५ सय ५५ रुपैयाँ नगद राशिसहितको उक्त सम्मान काफ्लेलाई प्रदान गरिएको हो ।

नेपाली साहित्यको कविता, संस्मरण, निबन्ध, नाटक विधाको माध्यमबाट साहित्यको विकासमा गरेको योगदानको कदर गर्दै विनोद-सुनिता सुवेदी सम्मान २०८० बाट श्रीराम पाण्डेलाई सम्मान गरिएको छ। बालजागृति इंग्लिस बोर्डिङका प्रिन्सिपल विनोद सुवेदी र श्रीमती सुनिता सुवेदीले स्थापना गर्नुभएको उक्त सम्मानबाट ११ हजार १ सय ११ रुपैयाँ नगद राशिसहित पाण्डेलाई सम्मान गरिएको हो ।

मकवानपुर जिल्लामा रहेर नेपाली गजल, मुक्तक र कवितासँगै संस्थागत माध्यमले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै शुभद्रादेवी मदन मुडवरी स्मृति काव्य सम्मान २०८० बाट विश्वनाथ सञ्जेललाई सम्मान गरिएको छ। अमेरिका बस्दै आउनुभएका दीपक मुडवरीले स्वर्गीय मातापिताको स्मृतिमा स्थापना गर्नुभएको १० हजार १ रुपैयाँ नगद राशिसहितको उक्त सम्मान सञ्जेललाई प्रदान गरिएको हो ।

मकवानपुर जिल्लामा रहेर नेपाली गजल, मुक्तक, कविता, लघुकथाको माध्यमबाट साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै रामहरि देवी सम्मान २०८० बाट किशन पौड्याललाई १० हजार १ रुपैयाँको नगद राशिसहित सम्मान गरिएको छ। मकवानपुर जिल्लामा कविता काव्यसँगै संस्थागत विकासमा दिएको योगदानको कदर गर्दै आँचल साहित्य कलापुञ्ज मकवानपुरकी अध्यक्ष भावना सापकोटालाई मंगलादेवी श्रेष्ठ स्मृति साहित्य सम्मान २०८० बाट १० हजार रुपैयाँको नगद राशिसहित सम्मान गरिएको छ । यस्तै, नेपाली साहित्य क्षेत्रसँगै हास्यव्यङ्ग्यको क्षेत्रमा कलम चलाएकाले मुक्तितारा साहित्य सम्मानबाट सानुभाइ विश्वकर्मालाई १० हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिएको छ ।

सम्मान कार्यक्रमका प्रमुख अतिथि निर्मोही व्यासले पुरस्कारको आशले भन्दा पनि आफ्नो प्रतिभा प्रष्फुटनका लागि साहित्य रचना गर्नुपर्ने बताउनुभयो । संगमले विभिन्न कार्यक्रमहरुमा सहभागी गराउँदै आएकोमा खुशी व्यक्त गर्नुहुँदै उहाँले सबैले गरेको कामको मूल्याङ्कन गरेर पुरस्कृत गर्न आवश्यक रहेको औंल्याउनुभयो । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले विभिन्न क्षेत्रबाट ७ जनालाई छनोट गरेर सम्मान गरेकोमा खुशी व्यक्त गर्नुभयो ।

संगमका अध्यक्ष डीबी बर्तौलाले सबैजना कला, साहित्य र संस्कृतिको विकासमा लाग्नुपर्ने बताउनुभयो। साहित्य संगमको दिगो विकासका लागि स्थापना गर्न लागेको अक्षयकोषमा आफ्नो पुरस्कार रकम कट्टा गरेर सहयोग गरेकोमा श्रीराम पाण्डेलाई बर्तौलाले धन्यवाद व्यक्त गर्नुभयो ।

## बकैयाले बालश्रममुक्त कार्यविधि कार्यान्वयन गर्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा बालश्रम अन्त्यका लागि कार्यविधि कार्यान्वयन गरिने भएको छ । गाउँपालिकाले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यबिधि कार्यान्वयनका लागि आवश्यक काम गर्ने भएको हो ।

बालश्रम निवारणमा क्षेत्रगत अवधारणा र स्थानीय तहको भूमिका विषयक प्रशिक्षण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ अनुरुप पालिकाले कार्य गर्ने बताउनुभयो । उहाँले यसका लागि विकासका साझेदार संस्था र नागरिक समाज सञ्जालहरुलाई सहकार्यका लागि आग्रहसमेत गर्नुभएको छ ।

अध्यक्ष लामिछानेले यसअघि बालकल्याण समाजसँगको सहकार्यमा बालमैत्री सहजकर्ताहरुलाई दिइएको तालिमपश्चात् गरिएको बालश्रम अनुगमनको स्मरण गर्नुहुँदै अहिले पालिका मिहिन ढंगबाट बालश्रम अन्त्य गर्न क्रियाशील रहेको बताउनुभयो । उहाँले बालश्रम अन्त्यका लागि रोजगार दाताहरुसँग गहन छलफल गर्ने योजना रहेको भन्दै यस सम्बन्धमा आवश्यक नीतिहरु परिमार्जन गर्ने बताउनुभयो ।

गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले आगामी वर्षबाट पालिकाले विकासको मोडेल परिवर्तन गर्दै मानवीय विकासमा लगानी बढाउने बताउनुभयो । उहाँले बालबालिकाको क्षेत्रमा लगानी बढाउँदै अब बालश्रममुक्त, बालबिबाहमुक्त गर्दै बालबालिकाको शिक्षामा लगानी अभिबृद्धि गर्ने जानकारी दिनुभयो । विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउन विशेष पहल गरिने उहाँले बताउनुभयो। उपाध्यक्ष खत्रीले बालबालिकालाई विद्यालयमा टिकाउन विशेष कार्ययोजना ल्याउनेसमेत जानकारी दिनुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले स्थानीय सरकार र नागरिक समाजबिचको सहकार्यबाट बालश्रममुक्त गर्ने अभियानमा पालिकाले सफलता हासिल गर्दै गएको र बालमैत्री अभियान सञ्चालन गर्दै आएको बताउनुभयो । बालश्रम अन्त्यका लागि कार्ययोजना बनाउन सहकार्य गर्दै कार्यगत एकतासमेत गरेकोमा उहाँले संघसंस्थालाई धन्यवाद दिनुभयो ।

दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक समाज सञ्जाल बागमती प्रदेश अध्यक्ष तथा बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाले नागरिक समाज सञ्जालले स्थानीय सरकारसँग सहकार्य गरिरहेको जानकारी दिनुभयो । बालश्रममुक्त, बालबिबाहमुक्त, विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय भर्ना, सिमान्तकृत एवम् बिपन्न बालबालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा, गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने अभियानमा सहकार्य गर्न सकिने खतिवडाको भनाइ छ । उहाँले पालिकाको नीति बनाउन र नीतिमा आवश्यकताको आधारमा परिमार्जन गर्नसमेत सहकार्य गर्न सकिने बताउनुभएको छ ।

ग्लोबल मार्चका कार्यक्रम प्रबन्धक एन्जेला सोलानोले बालश्रम अन्त्यका लागि स्थानीय सरकारलाई आवश्यक सहयोग गर्ने बताउनुभयो। उहाँले पालिकाले बाल संरक्षणका लागि गरेको कार्यको प्रशंसासमेत गर्नुभयो। सोलोनाले बकैया गाउँपालिका छिट्टै बालश्रममुक्त घोषणा भएको हेर्ने र सुन्ने चाहना व्यक्त गर्नुभयो ।

कार्यक्रममा बाल अधिकारकर्मी आत्माराम थापाले सहजीकरण गर्नुभएको थियो । उहाँले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ मा भएका मुख्य व्यवस्थाहरु, दिगो विकास लक्ष्य, बालश्रम अत्यका लागि भएका नीतिगत व्यवस्थाका बारेमा जानकारी दिनुभयो । कार्यक्रममा बालश्रम अन्त्यका लागि यसअघि तयार पारिएको कार्ययोजनाको समीक्षा गर्दै आगामी योजनाका बारेमा समेत छलफल गरिएको थियो ।

कार्यक्रममा गाउँपालिकाका वडा अध्यक्षहरु राजन दंगाल, लक्ष्मी जिम्बा, टंकध्वज लोप्चन, भुमल सिं घलान, गोपाल न्यासुर, ज्ञानेन्द्र बजगाई, स्वतन्त्रता अभियानका कार्यक्रम प्रबन्धक प्रतीक्षा केसी, नेपाली कांग्रेसका दिलबहादुर भोम्जन, एमालेका सुस्मिता घोरासैनी, माओबादीका मोतीलाल सिंगार, राष्ट्रिय स्वतन्त्र पार्टीका अमर दंगालको आतिथ्य थियो । यस्तै, बकैया गाउँपालिकाको विभिन्न शाखा प्रमुखहरु, बालमैत्री सहजकर्तालगायतको सहभागिता थियो ।

कार्यक्रममा श्रमिक बालबालिकाको आबाजको सुनुवाईलाई प्राथमिकीकरण गर्ने, गाउँपालिकाबाट बालबालिकालाई श्रमबाट शिक्षामा रुपान्तरण गर्ने, विद्यालय नजाने बालबालिकालाई सिपमूलक तथा आयमुलक तालिम सञ्चालन गर्दै उत्पादित सामग्रीको बजारीकरणमा सहयोग गर्ने, ड्रपआउट घटाउने र विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्नेबारे समेत छलफल भएको थियो । कार्यक्रममा दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्चद्वारा प्रकाशित अध्ययन सामग्री प्रदान गरिएको थियो ।

## मकवानपुर बहुमुखी क्याम्पसको प्रमुखमा डा. सिलवाल



समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको प्रमुखमा डा. यम बहादुर सिलवाल नियुक्त हुनुभएको छ । शनिबार सञ्चालक समितिले डा. सिलवाललाई क्याम्पस प्रमुख नियुक्त गर्ने निर्णय गरेको हो ।

यसअघि डा. शंकरप्रसाद उपाध्यायको कार्यकाल सकिएपछि क्याम्पस सञ्चालक समितिले डा. सिलवाललाई प्रमुख नियुक्त गरेको हो । सिलवालले भारतको राजस्थानस्थित मेवार्ड विश्वविद्यालयबाट विद्यावारिधी उपाधि हासिल गर्नुभएको छ। मकवानपुर बहुमुखी क्याम्पसलाई बागमती प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालय निर्माण गर्ने निर्णय गरेको छ । मकवानपुर बहुमुखी क्याम्पसमा करिब ६ हजार विद्यार्थी अध्ययनरत छन् ।

## करेन्ट लाग्दा एकै घरमा ३ जनाको मृत्यु

दाङः दाङको राप्ती गाउँपालिकामा विद्युत्को तार चुँडिएर करेन्ट लाग्दा एकै घरका तीन जनाको मृत्यु भएको छ ।

शनिबार दिउँसो करिब सवा २ बजेतिर विद्युत्को तार चुडिएर करेन्ट लाग्दा राप्ती गाउँपालिका-३ का ६० वर्षीय गोरखबहादुर केसी, उनकी श्रीमती ५५ वर्षीया दिलसरा र उनीहरूका चार वर्षीय नाति कृष्णको मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुवाङले जनाएको छ ।

घर अगाडि खेलिरहेका नातिलाई करेन्ट लागेपछि बचाउन गएका हजुरआमा र हजुरबुबालाई पनि करेन्ट लागेको थियो ।

करेन्ट लागेर तीनैजना गम्भीर घाइते भएका थिए । घाइतेमध्ये हजुरआमा र नातिको लमही अस्पतालमा र हजुरबुबाको बुटवलमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुवाङका प्रमुख प्रहरी निरीक्षक उज्वलबहादुर सिंहले जानकारी दिए ।

*(स्रोतः अनलाइनखबर)*

## ४१ जनाले गरे रक्तदान




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-८, कमानेस्थित निमचोकमा भएको रक्तदान कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् । शनिबार निलगिरी बाल समूहको आयोजना तथा कालिकामाई टोल विकास संस्थाको सहकार्यमा रक्तदान कार्यक्रम भएको हो ।

कार्यक्रममा ३१ जना पुरुष र १० जना महिलाले रक्तदान गरेका हुन् । पहिलो पटक बाल समूहले रक्तदान कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा निलगिरी बाल समूहका अध्यक्ष सिमोन भट्टराईको सभाअध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको विशिष्ट आतिथ्य रहेको थियो ।

रक्तदान कार्यक्रममा ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापा, मकवानपुर जिल्ला रेडक्रस सोसाइटीका मन्त्री सुमित्रा काफ्ले, कालिकामाई टोल विकास संस्थाका अध्यक्ष रामकृष्ण घिमिरे, वडा जनप्रतिनिधि, टोल विकास समन्वय समितिका बिष्णु अर्याल, ८ नम्बर वडा बाल सहजकर्ता रोजिता दङ्गाल, कलिकामाई टोल विकास आमा समूह, निलगिरी बाल समूहका अभिभावक भीमसेन घिमिरेलगायतको आतिथ्य रहेको थियो ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## सम्पादकीय

# सहज बन्दै खानेपानी

हेटौंडा उपमहानगरपालिका बागमती प्रदेशको राजधानीसमेत हो । राज्य पुनर्संरचनाको क्रममा तत्कालीन हेटौंडा नगरपालिकामा आसपासका ५ वटा गाउँ विकास समिति गाभेर हेटौंडा उपमहानगरपालिका बनाइएको हो । ग्रामीण क्षेत्रहरु उपमहानगरपालिकामा समावेश भएसँगै हेटौंडाको भूगोल र जनसंख्या दुबै वृद्धि भयो । प्रदेश राजधानी भएपछि यहाँ जनसंख्याको चाप पनि त्यत्तिकै वृद्धि भइरहेको छ । वृद्धि हुँदै गएको जनसंख्या र विस्तार भएको ग्रामीण क्षेत्रमा खानेपानी आपूर्ति सहज बनाउन हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड क्रियाशील बनिरहेको छ । खानेपानीको वितरणलाई सहज बनाउन बोर्डले नयाँ आयोजनाहरु निर्माणलाई तिब्रता दिँदै खानेपानी वितरण प्रणालीमा पनि सुधार गर्दै आएको छ । संघीय सरकार, बागमती प्रदेश सरकार, हेटौंडा उपमहानगरपालिका र बोर्डको आफ्नै स्रोतसमेत परिचालन गरेर विभिन्न खानेपानी आयोजना निर्माण भइरहेका छन् ।

हेटौंडाको खानेपानी वितरणलाई सहज बनाउन हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले मकवानपुरगढी-४ मा सामवेल निर्माण गरेको छ । विश्व खानीपानी दिवसको अवसरमा उक्त सामवेलको हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाबाट शुक्रबार उद्घाटनसमेत गरिएको छ । नवनिर्मित सामवेलबाट दैनिक ६० लाख लिटर पानी उत्पादन हुने बताइएको छ । दैनिक करिब २ करोड ६२ लाख लिटर पानी वितरण गर्दै आएको बोर्डले उक्त सामवेल निर्माणपछि दैनिक ३ करोड २२ लाख लिटर पानी वितरण गर्ने जनाएको छ । नवनिर्मित सामवेलबाट हेटौंडा उपमहानगरपालिकाका साथै मकवानपुरगढी गाउँपालिकाका बासिन्दाले पनि खानेपानी प्राप्त गर्ने बोर्डले जनाएको छ । अहिले हेटौंडाका धेरै स्थानमा सामवेल तथा बोरिङ निर्माण गरी भूमिगत पानी निकालेर खानेपानी वितरण हुँदै आएको छ । यस्ता भूमिगत पानीको परिमाण निश्चित नहुने भएकाले बोर्डले सतही पानीको स्रोतको उपयोगमा पनि ध्यान दिने बताइएको छ ।

करिब एक दशकअघि हेटौंडा खानेपानी बोर्ड गठन गरेर तत्कालीन नेपाल खानेपानी संस्थानको हेटौंडा शाखालाई बोर्डमा हस्तान्तरण गरेपछि हेटौंडामा खानेपानीको ठूलो समस्या भएको छैन । विगतमा उपमहानगरपालिकाको सिमित क्षेत्रमा मात्र खानेपानी वितरण गर्दै आएको बोर्डले पछिल्लो समय आफ्नो सेवा क्षेत्रसमेत विस्तार गर्दै लगेको छ । उपमहानगरको विभिन्न क्षेत्रमा उपभोक्ता समितिबाट खानेपानी वितरण हुँदै आएका आयोजनाहरु बोर्डमा हस्तान्तरण भइरहेका छन् । बोर्डमार्फत् खानेपानी उपभोग गर्दै आएका उपभोक्ताका लागि हेटौंडा उपमहानगरपालिकाले मासिक १० हजार लिटरसम्मको खानेपानी महसुल छुट दिने व्यवस्था गरेपछि उपभोक्ता समितिले सञ्चालन गर्दै आएको खानेपानी आयोजनाहरु बोर्डमा हस्तान्तरण हुने क्रम बढेको हो । यसले बोर्डका लागि अवसर र चुनौती दुबै थप भएको छ । बढ्दो सेवाक्षेत्रका सेवाग्राही र खानेपानीको स्रोतलाई उचित परिचालन गर्दै खानेपानी आपूर्ति र वितरणलाई सहज बनाउनुपर्ने चुनौती बोर्डलाई देखिएको छ ।

बढ्दो शहरीकरण र जनघनत्वका कारण हेटौंडामा दिनप्रतिदिन खानेपानीको माग वृद्धि भइरहेको छ । भविष्यमा वृद्धि हुँदै जाने खानेपानीको मागलाई सम्बोधन गर्न बोर्डले पर्याप्त ध्यान दिनु आवश्यक छ । मानवीय आधारभूत आवश्यकताको रुपमा रहेको खानेपानीको सहजता र पर्याप्तता पनि विकासको एउटा मानक हो । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा बसोबास गर्ने करिब दुई लाख जनसंख्यालाई सहजरुपमा खानेपानी वितरण गर्ने दायित्व पूरा गर्न बोर्डले सबै तहका सरकारसँग सहकार्य गर्नुपर्छ । दीर्घकालीनरुपमा पर्याप्त खानेपानी आपूर्तिका लागि उपयुक्त स्रोतको खोजी र विकासमा बोर्डले अग्रसरता देखाउन सकेमा हेटौंडाको खानेपानी वितरण सहज बन्ने निश्चित छ । खानेपानीको स्रोतको उचित विकाससँगै वितरण प्रणाली सुधार र विस्तारमा पनि बोर्डले ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : गरेका कामहरु लाभदायी र फलदायी बन्न सक्छन् । |
| वृष | : भेटघाटमा रमाइने समय योग रहेको छ । |
| मिथुन | : मनमा रिस, घमण्ड र डाहको आविर्भाव होला । |
| कर्कट | : आध्यात्मिक र परोपकारजन्य काममा सरिक । |
| सिंह | : दौडधूप गर्नुपर्ने कामहरु मध्यमकारक रहलान् । |
| कन्या | : व्यापारीक दृष्टिले नयाँ कामको थालनी हुने समय योग छ । |
| तुला | : व्यापार– व्यवसायबाट लाभ प्राप्त हुने योग छ । |
| वृश्चिक | : रचनात्मक क्षमताको विकास हुने समय छ । |
| धनु | : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । |
| मकर | : इष्टमित्रबाट सहयोग प्राप्त हुने समय योग छ । |
| कुम्भ | : सामाजिक र राजनैतिक काममा सरिक भइने समय छ । |
| मीन | : आफन्तको सर–सहयोग प्राप्त हुने समय योग छ । |

# दण्डहीनताले मौलाएको भ्रष्टाचार



✍ बिशभ अधिकारी

मुलुकमा भ्रष्टाचारको पिरामिड खडा भएको छ । भष्टाचारले समाज दिन प्रतिदिन खोक्रो हुँदैछ । पछिल्लो तथ्याङ्क हेर्दा मुलुक भ्रष्टाचार गर्ने अग्रणी देशको रुपमा स्थापित हुँदैछ । दण्डहीनताले मौलाएको भ्रष्टाचार आज फैलिएर हरेक क्षेत्र प्रभावित भएको छ । धमिजा र चेज एयर काण्ड हुँदै फस्टाएको भ्रष्टाचार वाइडबडी, न्यारोबडी, एनसेल, क्यान्टोन्मेन्ट, प्रिन्टिङ प्रेस, खरिदकाण्ड, सुनकाण्ड, ओम्नी, बालुवाटार जग्गा हुँदै भुटानी शरणार्थी र गिरीबन्धु टी प्रकरणमा यसरी झांगियो कि, यसले अर्बौं भ्रष्टाचार भएको तथ्य बाहिर ल्यायो ।

केहि समयअघि भ्रष्टाचारीलाई किरा परोस् भन्ने नारा खुब गुन्जियो । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गरौं भन्ने श्लोगान आयो, तर भ्रष्टाचार झन्झन् बढ्यो । भ्रष्टाचार गरेर खानु भनेको आमाको रगत खानुसरह हो भनेर छुट्टै शपथ खाएका सांसद राजेन्द्र लिङ्देनको प्रतिबद्वताप्रति जनता सकारात्मक देखिए । पछिल्लो समय यहि नाराका कारण राप्रपा लोकप्रिय पनि देखियो । भ्रष्टाचारको अन्त्य गर्न जनमानसमा ठूलो दबाव छ । प्रचण्ड सरकार यहि जनदबावका कारण भ्रष्टाचारको फाइल खोल्न बाध्य भयो । भुटानी शरणार्थी प्रकरणमा नेपालीलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाउन करोडौंको चलखेल देखियो । तत्कालीन गृहमन्त्री, पूर्वमन्त्री पक्राउ परे । यो सञ्जाल यतिमा सिमित भएन, योभन्दा माथिसम्म पुग्यो । खोज्दै जाँदा राष्ट्रिय भाउजुहरुतिर अनुसन्धान सोझिन थाल्यो । त्यसपछि सरकारको कुर्सी पनि हल्लिन थाल्यो । फलत: त्रयनेताको भेटघाट तारन्तर हुन थाल्यो । कारवाही यो भन्दा अघि नबढाउने त्रयनेताको सहमति भयो भन्ने कुरा सार्वजनिक भयो । पछि घटना त्यतैतर्फ मोडियो । बालुवाटार प्रकरणमा पनि कर्मचारी बिचौलियालाई कारवाही भयो तर राजनीतिक पहुँच भएका सबै पानीमाथिको ओभानो साबित भए । बिष्णु पौडेल, माधव नेपाल, बाबुराम भट्टराई चोख्याइयो । जसको निर्णयले सरकारी जग्गा गुठीको नाम हुँदै व्यक्तिको नामसम्म पुऱ्याउने काम भयो, ती व्यक्तिहरुलाई सामान्य सोधपुछ गरेर छोडियो । मन्त्रिपरिषदको नीतिगत निर्णयमा प्रवेश गर्न नपाइने छिद्र बनाएर यसैमा टेकेर ठूलोठूलो काण्ड भएका छन्, तिनले उन्मुक्ति पाएका छन् । भ्रष्टाचारी जोसुकै होस् ती कारवाहीयोग्य हुन् । सत्ता शक्तिको आडमा उन्मुक्ति पाउने भन्ने संसारमा अन्त कतै छैन ।

छिमेकी मुलुक पाकिस्तानमा प्रधानमन्त्री नै पक्राउ पर्छन् । भारतमा मनमोहन सिंह, पीभी नरसिंह रावलाई मुद्दा चलेको इतिहास छ । प्रधानमन्त्री देवगौडा गिरफ्तार भएका छन् । फ्रान्सको सार्कौ जेलमा छन् । ब्राजिलका लुला दश बर्ष जेल परेर बल्ल अदालतको आदेशले बाहिरिए । इजरायलको राष्ट्रपतिले भ्रष्टाचार र बलात्कार खेपे । त्यस्तै भर्खरै दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई मदिरा घोटाला प्रकरणमा भ्रष्टाचार गरेको अभियोगमा पक्राउ गरिएको छ । तसर्थ दोषी जोसुकै होस्, नेता होस् कि कसैका नाता होस्, कानुनको नजरमा सबै समान हुन् । बिधि र कानुनी शासनको मान्यता पनि त्यहि हो । गगन थापा संसदमा बोल्दैथिए- अनुहार हेरेर होइन दोषीलाई कारवाही गरौं, कोहि भ्रष्टाचारीले उन्मुक्ति पाउन हुँदैन भन्दैथिए । भर्खर सुनकाण्डमा छानबिन आयोगले दोषी सिफारिस गरेको पूर्वसभामुख नै गिरफ्तारमा परेका छन् । यसअघि पूर्वउपराष्ट्रपतिका छोरा पक्राउ परेका छन् । उच्च तहका प्रहरी अधिकृतहरु पनि उक्त काण्डमा मुछिएका छन् । यी तमाम दृश्य हेर्दा हामीकहाँ भ्रष्टाचारमा सबै तह तप्काका मानिसहरुको संलग्नता देखिन्छ ।

सुनकाण्ड, सहकारी ठगि काण्डमा मन्त्रीहरु नै आरोपित छन् । आरोप लागेपछि नैतिकरुपमा त्याग प्रदर्शन गरी आरोप पुष्टि गर्न चुनौती दिन सक्नुपर्थ्यो । निर्लज्जताको पराकाष्ठा छ । पद त्याग गर्ने विषयमा अन्य देशमा भ्रष्टाचारको आरोप त छोडिदिउँ, सामान्य नैतिकताको प्रश्नमा राजीनामा दिएको उदाहरणहरू छन् । उपस्थित सांसदहरुको प्रश्नको जवाफ दिन संसद भवनमा पुग्न एक मिनेट ढिलो हुँदा बेलायतका माइकल बेट्सले राज्यमन्त्रीको पदबाट राजीनामा दिएका थिए । लकडाउनको नियम तोड्दा न्युजिल्याण्डका स्वास्थ्यमन्त्रीले आफूलाई 'बेवकूफ' भने र तत्कालै प्रधानमन्त्रीलाई राजीनामा दिए । ब्रेक्जिट असफल भएपछि प्रधानमन्त्री डेभिड क्यामरुन र थेरेसाले पनि राजीनामा दिएका थिए । त्यस्तै अर्थतन्त्र सुदृढ गर्छु भन्ने दाबीका साथ आएका बेलायती प्रधानमन्त्री लिज ट्रसले आर्थिक सुधार हुने संकेत नदेखेपछि ४४ दिनमै राजीनामा दिएर बेलायती इतिहासकै सबैभन्दा छोटो अवधिका प्रधानमन्त्री बनेको उदाहरणहरू छन् ।

तर, हाम्रोमा धोक्रेठ्याक नलगाई कसैले पद छाड्दैन । नैतिकताको धरातलमा उभिएका नेता भेट्टाउनु र स्यालको सिङ भेट्नु उस्तै हो । अझ हामीकहाँ शक्तिमा रहँदा सबै मिलाउन सकिन्छ भन्ने मनोविज्ञानले काम गर्दा राजनीतिमा अपराधिकरण व्याप्त भएको छ । प्रहरी अनुसन्धानमा पावरवालालाई प्रतिवादी नै नबनाउने जुन बिभिन्न घटना/काण्डहरुमा देखिएको छ, त्यसले सुशासनको अवस्था दयनीय भएको देखाउँछ भने त्यसलाई कानुनी शासनको उपहासको रुपमा पनि लिन सकिन्छ । अझ दोषीमाथि कारबाही गर्ने संवैधानिक अंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै प्रभावकारिता वृद्धि हुन सकेको छैन । तत्कालीन प्रमुख आयुक्त नै भ्रष्टाचार काण्डमा जेलमा भएको अवस्थामा आयोगको विश्वसनियता कमजोर हुन पुगेको छ । राजनीतिकरण र भागबण्डाले गर्दा हामीकहाँ संवैधानिक अंगहरु निष्पक्ष हुन सकेका छैनन् । ती नियुक्ति राजनीतिक दलहरूप्रति नै उत्तरदायी छन् । जनताले भरोसा गरेको न्यायालयसमेत राजनीतिको चपेटामा नराम्रोसँग फसेको छ । तत्कालीन केपी ओली सरकारले संसद विघटन गरेको मुद्दामा अदालतको फैसला राजनीति प्रेरित देखिन्छ । संसदलाई किटानी ढंगबाट बैठक बस्न लगाउने, प्रधानमन्त्री तोक्ने काम अदालतको क्षेत्राधिकारभित्र किमार्थ पर्दैन । यसरी सम्पूर्ण क्षेत्रको अति राजनीतिकरणले शक्ति सन्तुलन भत्किएको अवस्था छ ।

भ्रष्टाचार सुशासनको सर्वथा अभावले जनतामा चरम निराशा र आक्रोश उत्पन्न भएको छ । अझ निरन्तर सरकार परिवर्तन र अस्थिरताले राजनीतिप्रति आम मानिसको धारणा नकारात्मक बन्दैछ । देशको अर्थतन्त्र ओरालो लाग्ने क्रम रोकिएको छैन । साधारण खर्च थेग्न नसक्ने अवस्थामा छ । सार्वजनिक ऋण २४ खर्ब पुगिसक्यो । कुल जीडीपीको ४२% ऋण तिर्न खर्च हुन्छ । पुँजीगत खर्च गर्न बजेट न्युन छ । यो पटक २७% पनि पुग्न सकेन । देशमा उद्योग, व्यापार, व्यवसाय ठप्प छ । श्रम बजारमा वर्षेनि ५ लाख मानिस आउँछन् । तिनलाई रोजगारी दिने सामर्थ्य सरकारको छैन । बेरोजगारको अवस्था बिस्फोटक छ । वैदेशिक रोजगारीमा जानेको संख्या तिब्ररुपले बढेर गएको छ । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न असमर्थ हुँदा मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा र नियन्त्रण केहि मुट्ठीभर मानिसको हातमा छ ।

यस्तो पृष्ठभूमिमा नेपाली जनता स्थिरता, विकास, सुशासनका पक्षमा दृढतापूर्वक उभिन जरुरी छ । विद्यमान विकृति, विसंगति बिरुद्ध हस्तक्षेप र जनदबावको आँधीबेहरी सिर्जना गर्न जरुरी छ । मुलुकप्रति आशा जगाउन सरकारलाई ठिक मार्गमा डोऱ्याउन जनताको जागरुकता आवश्यक देखिन्छ । अस्तु ।

# पानीको बढ्दो आवश्यकता



✍ विश्वनाथ खरेल



अन्तर्राष्ट्रिय खानेपानी दिवसको अवसर पारेर खानेपानीको महत्वबारे सचेतना जगाउन हरेक वर्ष यो दिवस मनाइँदै आएको छ । यसमा स्वच्छ पानीको महत्वका बारेमा सचेतना फलाउँदै यसको दिगो व्यवस्थापनका लागि वकालत गर्नु र यसका चुनौती तथा फाइदाहरूका बारेमा सचेतना फैलाउने उद्देश्य रहेको बताइएको छ ।

स्वच्छ पानीको दिगो व्यवस्थापनको वकालत गर्न सन् १९९२ मा वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र सम्मेलनले सिफारिस गरेअनुसार सन् १९९३ देखि प्रत्येक वर्ष मार्च २२ का दिन विश्व पानी दिवस मनाइने गरेको छ । यसरी मनाउन लागिएको जलसप्ताहको सहरी क्षेत्रका पानीजन्य समस्या तथा नेपालका जलस्रोतको दिगो व्यवस्थापनबारे चेतना जगाउने, सर्वसाधारण तथा स्कुल-कलेजका विद्यार्थीहरूमा पानीको गुणस्तर र यससँग सम्बन्धित प्रसंगका बारेमा चेतना फैलाउने र क्षमता अभिवृद्धि गर्ने उद्देश्य रहेको आयोजकले जनाएको छ ।

स्वच्छ पानीको संरक्षण र व्यवस्थापन गर्न सबै सक्रिय हुनुपर्ने भन्दै यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ देशमा राष्ट्रिय जल दिवस मनाइने भएको छ । नेपालले सन् २००९ देखि मनाउँदै आएको यस वर्षको जल सप्ताहमा बढ्दो पानीको मात्रालाई सम्बोधन गर्न, सेवा पुर्‍याउन देखिएका चुनौतीहरूको व्यवस्थापन गर्न सहकार्यका लागि सचेतना फैलाउने कार्य गर्ने जानकारी जल तथा ऊर्जा आयोगले जनाएको छ । यसमा सहरी क्षेत्रका पानीजन्य समस्या तथा जलस्रोतहरुको दिगो व्यवस्थापनका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने, पानीको व्यवस्थापन, विद्यमान नीतिहरूमा संशोधन तथा आवश्यक नीति निर्माणका लागि पहल गर्नेलगायतका कार्यक्रमहरू रहेका छन् ।

जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न, जल प्रदूषण रोक्न र प्रदूषणले गर्दा खाद्य सुरक्षामा परेको असरबारे पनि सरोकारवालाहरूलाई सचेतना जगाउने कार्यक्रमहरू वर्षभरि गर्नेतर्फ आयोगले सोचिरहेको छ । जुन कार्यक्रमअनुसार उपत्यकाभरिका ढुंगेधाराको संरक्षण र संवर्द्धन गर्न समितिको गठन गरिने, काठमाडौं उपत्यकाको भूमिगत पानीको स्रोतको अवस्था, चुनौती तथा संरक्षणसम्बन्धी सम्मेलन आयोजना गरिने भएका छन् । पानी जीवनसँग प्रत्यक्ष सम्बन्धित छ ।

पानीबिनाको जीवन कल्पना गर्न पनि सकिँदैन । स्वच्छ र सुरक्षित खानेपानीको अभावमा बाँचेका नेपाली ग्रामीण जनतालाई खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउने पवित्र उद्देश्यसहित स्थापना भएको छ । अझै पनि करोडौं जनता सुरक्षित पानीको अभावमा बाँच्न बाध्य छन् । यसमा भन्ने नै हो भने नेपाल सरकारले जनतालाई यी सुविधा प्रदान गर्नमा समितिले स्थापनाकालदेखि हालसम्म सुरक्षित खानेपानीको क्षेत्रमा २१.४३ प्रतिशत र सरसफाइको क्षेत्रमा १८.२१ प्रतिशत योगदान पुर्‍याएको छ । काठमाडौंमा मात्र प्रत्येक वर्ष १० हजार घर बनिरहेको अनुमान छ ।

यही हिसाबमा घर बनिरहे आगामी ३५ वर्षभित्र काठमाडौं महानगरपालिकाभित्रका सबै भूभाग घरैघरले ढाक्नेछ । केन्द्रीय तथ्यांक विभागका अनुसार काठमाडौं जिल्लाको क्षेत्रफल ३ सय ९५ वर्गकिमि (३९ हजार ५ सय हेक्टर) छ । राजधानीको मुख्य सहर काठमाडौंमा खानेपानीको समस्या झन् जटिल हुँदै गएको छ । यहाँको दैनिक खानेपानीको माग ४३ करोड लिटर छ । यसरी प्रत्येक वर्ष मागमा १० प्रतिशतका दरले वृद्धि हुने कुरा नेपाल खानेपानी संस्थानले जनाएको छ । हाल दैनिक १० करोड लिटर पानी मात्र आपूर्ति भइरहेको अनुमान छ । यहाँ वर्षायाममा १५ करोड लिटर भए तापनि हाल आएर १० करोड लिटर मात्र पानी आपूर्ति भएको सम्बन्धित क्षेत्रको दाबी रहेको पाइन्छ ।

यसरी उपलब्ध गराइएको पानीमध्ये ६ करोड लिटर सतह स्रोतबाट र ४ करोड लिटर जमिनमुनिबाट निकालिएको छ । जसमा लगभग ४० प्रतिशत चुहावटबाटै खेर गई सवा २ करोड लिटर जति मात्र पर्न आउँछ । काठमाडौंमा रहेका रिजर्भ्वायरहरूको क्षमता सबैभन्दा बढी चाबहिल रिजर्भ्वायरको ८५ लाख लिटर, बालाजुको ३६ लाख लिटर, बाँसबारीको २० लाख लिटर र सुन्दरीघाटको ८ लाख लिटर रहेको छ । काठमाडौंमा प्रत्येक वर्ष ४-५ हजार नयाँ धारा थपिने गरेका छन् । यहाँका जनता कोट्कु र मेलम्ची आयोजनाको प्रतीक्षामै लालायित छन् ।

अन्त्यमा भन्नुपर्दा, केही दिन अघिदेखि काठमाडौंमा मेलम्चीको पानी वितरण कार्य भइरहेको छ । यो पानी

....बाँकी पृष्ठ ३ मा




**दीक्षान्त समारोहः** हेटौंडा-४ स्थित लिटिल बडी प्रि-स्कूलका विद्यार्थीलाई शनिबार दीक्षित गरिँदै । युकेजी तह पूरा गरेका ३३ जना विद्यार्थीलाई दीक्षित गरिएको हो ।

# केन्द्रमा अड्कियो सत्ताको चाबी, अन्योलमा बागमती

काठमाडौंः केन्द्रीय तहमा भागबण्डा नहुँदा बागमती प्रदेश सरकारको भविष्य अन्योल बनेको छ । सत्ता गठबन्धन परिवर्तनपछि बागमती प्रदेश सरकारको पनि समीकरणमा परिवर्तन आएको थियो । तर, सत्ता समीकरण परिवर्तन भएको २ साता पूरा भइसक्दासमेत बागमती प्रदेश सरकारको भविष्यबारे अन्योल कायम रहेको हो ।

सत्ता गठबन्धनसँग स्पष्ट बहुमत नहुँदा दलहरू साना पार्टीको समर्थनको खोजीमा तीव्र दौडधुपमा छन् । सरकार टिकाउन र नयाँ सरकार बनाउन सत्ता साझेदार नेकपा माओवादी केन्द्र, नेकपा एमाले र नेकपा एकीकृत समाजवादीको कसरत फलदायी बन्न सकिरहेको छैन । जसका कारण सरकारको भविष्य अनिश्चित बनिरहेको छ ।

गत २३ गतेदेखि अल्पमतको सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रका संसदीय दलका नेता शालिकराम जम्कट्टेल सरकारको भविष्यलाई लिएर अन्योलमा देखिएका छन् । सरकार टिकाउन कसरत गरिरहेका उनी न सरकार विस्तार गरेर अघि बढ्न सकेका छन्, न गठबन्धन दललाई सरकार हस्तान्तरण गरेर नयाँ शिराबाट अघि बढ्ने रणनीति बनाउन सकेका छन् । उनको दैनिकी केवल केन्द्रको निर्णय कुरेर बस्नु बनेको छ ।

उनीसहित सत्ता गठबन्धनको अवस्था उस्तै छ । केन्द्रले सबै प्रदेशको नेतृत्व क्लियर गरिदिए सरकार गठन र विस्तारको काम गर्न दलहरू तयारी अवस्थामा छन् । तर, केन्द्रले न सरकारको नेतृत्व तोकिदिएको छ, न अहिलेको सरकारको निरन्तरताको बाटो खुला गरिदिएको छ ।

प्रदेश सरकारको तालाचाबी केन्द्रले कब्जा गर्दा बागमतीमा थप अन्योल देखिएको छ । कमजोर धरातलमा कायम रहेको सत्ता गठबन्धनलाई बहुमत पुऱ्याउन मात्र एक सांसद अपुग छ । एक सांसदको खेलोमा दलहरु आफ्नो तर्फबाट लागिरहेका छन् । एकातर्फ साना दलको उच्च माग र अर्कोतर्फ विपक्षी दल कांग्रेसको प्रहार सहेर बस्नुपर्ने बाध्यता वर्तमान सरकार समक्ष रहेको छ ।

सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादी पार्टी बागमती प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालका अनुसार केन्द्रीय तहका नेताले सरकारको नेतृत्व टुङ्ग्याउन नसक्दा प्रदेश सरकारका विषयमा अलमल भएको छ । केन्द्रीयस्तरका नेताको व्यस्तताका कारण प्रदेश सरकारको भागबण्डा र समीकरणका विषयमा निर्णय हुन नसकेको हो । उक्त निर्णय आएलगत्तै प्रदेश सरकारले निकास पाउने उनको भनाइ छ ।

मुख्यमन्त्री जम्कट्टेलका प्रमुख राजनीतिक सल्लाहकार डीपी ढकालका अनुसार छिट्टै नै गठबन्धनका शीर्ष नेताहरूले प्रदेश सरकारको नेतृत्वको भागबण्डा टुङ्ग्याउनेछन् । सरकारको नेतृत्वको विषयमा गठबन्धन दलको तर्फबाट आ-आफ्नो माग दाबी गरिएको र सो विषयमा छिट्टै नै निकास प्राप्त हुने उनको भनाइ छ ।

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका मुख्य सचेतक मधुसूदन पौडेलका अनुसार केन्द्रले ७ प्रदेशको समग्र अङ्कगणितलाई सन्तुलन गरी भागबण्डा टुङ्ग्याउनुपर्ने भएकाले ढिलो भएको हो । प्रदेश सरकारको नेतृत्वको विषयमा आजभोलि नै केही निर्देशन प्राप्त हुने उनले बताए ।

## संवैधानिक अड्चनको खतरा

केन्द्रले भागबण्डा नटुङ्ग्याउँदा प्रदेश सरकारमाथि संवैधानिक अड्चन देखापर्ने खतरा नजिकिएको छ । बागमती प्रदेश सरकार टिकाउन मुख्यमन्त्री जम्कट्टेलले आगामी चैत २२ गतेभित्र संसद्बाट विश्वासको मत लिइसक्नुपर्छ । सरकारको समर्थन गरेको दल वा सांसदले समर्थन फिर्ता लिएको ३० दिनभित्र मुख्यमन्त्रीले पुनः संसद्बाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । गत फागुन २३ मा समर्थन फिर्ता लिँदै नेपाली कांग्रेस सरकारबाट बाहिरिएसँगै जम्कट्टेल नेतृत्वको सरकार अल्पमतमा परेको थियो ।

जसअनुसार सरकारको नेतृत्व परिवर्तन भएको खण्डमा बाहेक मुख्यमन्त्री जम्कट्टेलसँग अब थोरै समयमात्र बाँकी छ । केन्द्रको भागबण्डा कुर्दा मुख्यमन्त्री जम्कट्टेलका १८ दिन बितिसकेका छन् । मुख्यमन्त्री जम्कट्टेलसँग अब १२ दिनको समयमात्र बाँकी छ । यो १२ दिनमा मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिने वातावरण र सत्ता समीकरणमा साना दलहरूलाई सरकार विस्तार गरी सामेल गर्नुपर्ने बाध्यता रहेको छ ।

मुख्यमन्त्री जम्कट्टेलका अनुसार केन्द्रको निर्णयविरुद्ध गएर तत्काल सरकार विस्तार र विश्वासको मत लिन अवस्था छैन । केन्द्रको निर्णय प्राप्त भएपछि मात्र सरकार विस्तार, सत्ता समीकरण र विश्वासको मत लिने काम अघि बढ्ने उनले बताए । 'केन्द्रीय स्तरको निर्णय आउन सकेको छैन । हामीले पहल गरिरहेका छौं । सरकार विस्तार समीकरणका लागि छलफल पनि गरिरहेका छौँ । केन्द्रको ठोस निर्णय आए सहज हुन्थ्यो । आजभोलि नै हुन्छ भनिएको छ । तर हुन सकेको छैन । अब समय पनि थोरै छ । हेरौं के हुन्छ ।' मुख्यमन्त्री जम्कट्टेलले भने ।

यता एकीकृत समाजवादीका नेता शर्माका अनुसार केन्द्रबाट निर्णय प्राप्त नहुँदा सरकार एक पछि अर्को संवैधानिक अड्चनको जोखिममा परेको छ । विश्वासको मत लिनुपर्ने बाध्यता एकातर्फ छ भने अर्कोतर्फ बजेट निर्माणको चरण पूरा गर्नुपर्ने बाध्यता रहेको उनले बताए । उनका अनुसार फागुन महिनामा सरकारले विषयगत मन्त्रालयको बजेट सिलिङ तोकेर काम अघि बढाउनुपर्ने हो । तर, केन्द्रबाट ठोस निष्कर्ष प्राप्त नहुँदा बजेट सिलिङ तोक्न पनि कठिन भएको छ । सरकारको नेतृत्वको विषय नटुङ्गिँदा प्रि-बजेट छलफल, बजेट कार्यक्रम तर्जुमालगायतका चरणहरूमा समेत समस्या खेप्न बाध्य भएको उनले बताए ।

## कांग्रेस अस्थिरता निम्त्याउन चाहन्छः मुख्यमन्त्री जम्कट्टेल

मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेशमा कांग्रेसले राजनीतिक स्थिरता नचाहेको आरोप लगाए । कांग्रेसले बागमती प्रदेशमा अस्थिरता कायम गर्न खोजिरहेको उनले बताएका हुन् । वर्तमान सरकारको काममा अवरोध खडा गरेर कांग्रेस असहज परिस्थिति निर्माणमा जुटेको उनको भनाइ छ । कांग्रेसका केही सांसदहरु गठबन्धनलाई असफल बनाउन लागिपरेको उनको आरोप छ । कांग्रेसका केही सांसदहरु साना दलहरुलाई प्रलोभनमा पारेर सरकारको नेतृत्व हत्याउने पक्षमा लागिपरेको उनको भनाइ छ ।

'कांग्रेस प्रदेशमा अस्थिरता कायम गर्न खोजिरहेको छ । कांग्रेसका केही सांसदहरू गठबन्धन दललाई असफल बनाएर सरकार बनाउने सपना बुनिरहेका छन् । विभिन्न प्रलोभन र लालच देखाएर सरकार गठन गर्ने कांग्रेसको सपना पूरा हुन सक्दैन । बागमती प्रदेशमा गठबन्धन दलको नै सरकार बन्छ । त्यसका आशंका नराखे हुन्छ । बागमतीमा कांग्रेसको सरकार बन्दैन,' उनले भने ।

उनका अनुसार केन्द्रीय तहको निर्णय आएलगत्तै सरकारले आफ्नो गति लिएर अघि बढ्नेछ । सम्भवतः एक-दुई दिनमा नै केन्द्रले सरकारको नेतृत्वको भागबण्डा टुङ्ग्याउने उनको भनाइ छ । अन्य प्रदेशको अनुकूलता हेरेर सरकारको नेतृत्वको भागबण्डा गर्नुपर्ने भएकाले समय लागेको उनले बताए । बागमतीको अङ्कगणितीय विशिष्ट प्रकृतिको रहेकाले केन्द्रबाट निर्णय आउन ढिला भएको उनले बताए ।

*(स्रोतः रातोपाटी)*

# परवानीपुर गोल्डकपको उपाधि वीरगञ्जलाई

समाज संवाददाता

हेटौंडाः तेस्रो परवानीपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि साविक विजेता वीरगञ्ज युनाइटेड क्लबले उचालेको छ । शक्ति युवा क्लबको आयोजनामा शनिबार भएको प्रतियोगिताको फाइनल खेलमा हेटौंडा फुटबल एकेडमी मकवानपुरलाई ट्राइब्रेकरमा ४-३ गोल अन्तरले हराउँदै वीरगञ्जले उपाधि जितेको हो ।

परवानीपुर खेल मैदानमा भएको फाइनल खेलको पहिलो हाफको ३० औं मिनेटमा वीरगञ्ज युनाइटेड क्लबका खेलाडी उदीतनारायण चौधरीले पहिलो गोल गरे । सुरुदेखि दबादमा रहेको हेटौंडा फुटबल एकेडमीले खेलको मध्यान्हमा दुई खेलाडी परिवर्तन गरेको थियो । खेलाडी परिवर्तनपछि पनि खेलको अन्त्यसम्म दबाबमा रहेको हेटौंडा फुटबल एकेडमीले खेलको ८५ औं मिनेटमा गोल फर्कायो । उक्त गोल एकेडमीका खेलाडी सखिल गुरुङले गरेका थिए ।

निर्धारित ९० मिनेटको खेलमा दुबै टिम १-१ गोल गर्दै बराबरी खेलेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा हेटौंडा फुटबल एकेडमीका पाँच जना खेलाडीमध्ये दुई खेलाडी गोल गर्न नसकेपछि पराजित हुन पुगेको हो । टाइब्रेकरमै वीरगञ्ज युनाइटेड क्लबका पाँच जना खेलाडीमध्ये चार खेलाडीले गोल गरेका थिए । खेलमा म्यान अफ दि म्याच हेटौंडा फुटबल एकेडमी मकवानपुरका सखिल गुरुङ घोषित भए । उनलाई सागर राणाले नगदसहित शिल्ड प्रदान गरेका थिए ।

प्रतियोगितामा विजेता वीरगञ्ज युनाइटेडले नगद दुई लाख एक हजार सहित शिल्ड पाएको छ । विजेता टिमलाई परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मीले नगदसहित शिल्ड प्रदान गरेका थिए । यस्तै, उपविजेता हेटौंडा फुटबल एकेडेमी मकवानपुरले एक लाख एक हजारसहित शिल्ड पाएको छ । उपविजेतालाई वडाअध्यक्ष राधाकृष्णा साह रौनियार र समाजसेवी नागमणि उपाध्यायले नगदहित शिल्ड प्रदान गरेका थिए ।

# ज्योति र सजिलो उपभोक्ता सहकारीबीच एकीकरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित ज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेड र हेटौंडा-४ स्थित सजिलो उपभोक्ता सहकारी संस्था लिमिटेडबीच एकीकरण भएको छ । शनिबार विशेष साधारणसभा गर्दै दुई सहकारी एकीकरण भएको हो ।

विशेष साधारणसभाले विवेक पराजुलीको अध्यक्षतामा ७ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा कमला श्रेष्ठ, सचिवमा विष्णु केसी र कोषाध्यक्षमा श्यामकुमार लो चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा विश्वराज खतिवडा, गणेश खड्गे र लक्ष्मी बस्ताकोटी चयन हुनुभएको छ ।

सभाले नारायण आचार्यको अध्यक्षतामा ३ सदस्यीय लेखा समिति गठन गरेको छ । लेखा समितिमा गंगामाया राना र नारायणप्रसाद अधिकारी सदस्य रहनुभएको छ । एकीकरणपश्चात् संस्थाको शेयर पुँजी १ करोड १० लाख र कारोबार ४ करोड रुपैयाँ पुगेको छ । यस्तै, संस्थाको शेयर सदस्य संख्या ४ सय ८० जना पुगेको छ । दुई संस्था एकीकरण भएर ज्योति बचत तथा ऋण सहकारी संस्था भएको छ ।

ज्योति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विवेक पराजुलीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाका सहकारी विभाग प्रमुख हिमप्रसाद पौडेलको प्रमुख आतिथ्यमा विशेष साधारणसभा भएको हो । सभामा सहकारी बैंक हेटौंडाका शाखा प्रमुख रामेश्वर अर्याल, सजिलो उपभोक्ता सहकारी संस्थाका पूर्वअध्यक्ष उत्तमप्रसाद कुईंकेल, टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिवहरि दहाललगायतको आतिथ्य रहेको थियो ।

# सरकारी सिमेन्ट उद्योग चलाउनेबारे छलफल

काठमाडौंः नवनियुक्त उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले हेटौंडा र उदयपुर सिमेन्ट उद्योग चलाउने मोडालिटी छिट्टै टुंगो लगाउने बताएका छन् । संघीय संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा बिहीबार भएको छलफलमा मन्त्री भण्डारीले यस्तो बताएका हुन् ।

समितिमा हटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योग व्यावसायिकरुपमा सञ्चालनको लागि कार्ययोजना पेश भएको छ । उद्योग मन्त्रालयका इन्जिनियर खगेन्द्रबहादुर बस्नेतको संयोजकत्वमा बनेको पाँच सदस्यीय विज्ञ टोलीले कार्ययोजना पेश गरेको छ । टोलीले लगभग बन्द हुने अवस्थामा रहेको उदयपुर सिमेन्टमा प्राविधिक सुधार गर्न सकिए दैनिक एक हजार एक सय मेट्रिक टन सिमेन्ट उत्पादन गर्न सकिने प्रतिवेदन पेश गरेको छ । हेटौंडा सिमेन्ट उद्योगले पनि उद्देश्य अनुसार उत्पादन गर्न नसकिरहेको अध्ययनको निष्कर्ष छ ।

यी उद्योगहरूलाई निजीकरण गर्ने, रणनीतिक साझेदार भित्र्याउनेदेखि एक आपसमा मर्जर गराउनेसम्मका चर्चा चल्ने गरेका छन् । प्रतिवेदनले पनि यस्ता सार्वजनिक संस्थान सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने, व्यवस्थापन करारमा दिने, पूर्णरुपमा निजी क्षेत्रलाई सञ्चालन गर्न दिने वा रणनीतिक साझेदार भित्र्याउनुपर्ने लगायतको निष्कर्ष निकालेको छ ।

वि.सं २०३३ मा १ अर्ब ५८ करोड १२ लाख रूपैयाँ लागतमा स्थापना भएको हेटौंडा सिमेन्ट कहिले चल्ने कहिले बन्द हुने गर्दै चलिरहेको छ । यस उद्योगको वार्षिक २ लाख ६० हजार मेट्रिक टन र दैनिक ७ सय ५० मेट्रिक टन उत्पादन क्षमता छ । आर्थिक वर्ष २०७१/७२ पछिका चार वर्ष नाफा कमाएको उद्योग आर्थिक वर्ष २०७५/७६ पछि नोक्सानमा छ । उद्योगको मेसिन पुरानो भएको, विद्युत् आपूर्तिमा अवरोध रहेको र जनशक्ति लागत उच्च रहेको कारण नाफामा जान नसकेको प्रतिवेदनले उल्लेख गरेको छ । यस्तै, २०४४ सालमा स्थापना भएको उदयपुर सिमेन्ट अहिले लगभग बन्द हुने अवस्थामा छ । *(स्रोतः सेतोपाटी)*

# एसईईका लागि ७७ हजारभन्दा बढी जनशक्ति परिचालन

काठमाडौंः माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालनका लागि ७७ हजार भन्दा बढी जनशक्ति परिचालन गरने भएको छ । चैत १५ गतेदेखि देशभर नै सञ्चालन हुन लागेको एसईईका लागि ७७ हजार ४८५ जना जनशक्ति परिचालन हुन लागेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

बोर्डका परीक्षा नियन्त्रक नन्दलाल पौडेलले एसईईका लागि प्रतिकेन्द्र १ जनाका दरले केन्द्राध्यक्ष खटाइनेछ । देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । १५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार १२८ जना सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार २२२ जना निरीक्षक खटाइएको पौडेलले बताए ।

त्यस्तै, प्रति १०० विद्यार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ जना परीक्षा सहायकसमेत खटाइनेछ । प्रति ५० विद्यार्थी बराबर एक जना कार्यालय सहयोगीसमेत खटाइनेछ । १० हजार ८१ जना कार्यालय सहयोगी खटाइने पौडेलले बताए । प्रतिकेन्द्र १५ जनाका दरले ३० हजार ९६० जना सुरक्षाकर्मी परिचालन गरिनेछन् । यो वर्ष पाँच लाख चार हजार ४१४ जना विद्यार्थीले एसईई दिँदैछन् ।

*(स्रोतः रातोपाटी)*

# पानीको बढ्दो...

वितरण कार्य कहिलेसम्म रहिरहन्छ भन्ने कुरा अन्योलपूर्ण छ । विगतको परिपाटीलाई दृष्टिगत गर्ने हो भने यहाँ वर्षायाम लाग्नेबित्तिकै मेलम्चीको पानी वितरण बन्द गर्ने परम्परा रहिआएको छ । त्यसले गर्दा यस वर्ष पनि के हुने हो भन्न सक्ने स्थिति हालसम्म छैन । यस तथ्यलाई सम्बन्धित क्षेत्रले विभिन्न सञ्चारमाध्यममार्फत बताउँदै आएको छ । मूलतः गत साउन र भदौमा बाढीले पुरेर क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनामा गएको पहिरोका कारण मेलम्चीको पानी काठमाडौं उपत्यकामा आउन रोकिएको थियो ।

यसरी सिन्धुपाल्चोकको यांग्री, लार्के र मेलम्ची खोलामा पहिरोसँगै आएको बाढीले क्षतिग्रस्त आयोजनाको मुख्य प्रवेशद्वार (बफर ड्याम) हेडवर्क्स र अडिट टनेलमा थुप्रिएको गेग्रान र लेदो हटाएर पानी सञ्चालन गर्ने तयारी भइरहेको छ । तसर्थ यो बिगारेको संरचना पूर्ण रूपमा बनिनसकेको सम्बन्धित निकायको भनाइ एकातिर छ भने अर्कातिर यस वर्षको वर्षायाम पनि सुरु हुन लागिरहेको अवस्था छ । मेलम्ची पनि ठूलो राष्ट्रिय गौरवको आयोजना हो । खानेपानी मन्त्रालयले उक्त लक्ष्यअनुरूप आयोजनालाई समय अगावै सम्पन्न गर्ने गरी कार्ययोजनासहित काम गरिरहेको छ ।

सहरी विकास मन्त्रालयको तथ्यांकअनुसार १ लाख ८० हजार निजी र १ हजार १ सय ९६ वटा सार्वजनिक धाराबाट करिब २६ लाख उपभोक्ताले खानेपानी उपभोग गरिरहेका छन् । यो कार्यका लागि केयूकेएलले ३५ वटा सतह स्रोत, ५९ वटा ट्युबवेलबाट पानी ल्याई २१ वटा खानेपानी प्रशोधन केन्द्रमार्फत हाल वितरण गर्दै आएको छ । हाल उपत्यकामा खानेपानीको माग दैनिक ४३ करोड लिटर छ भने मेलम्चीसमेत गरी आपूर्ति भने हिउँदयाममा ३० करोड लिटर मात्रै हुनेछ । त्यसैले मेलम्चीअन्तर्गत दोस्रो चरणमा यांग्री र तेस्रो चरणमा लार्केबाट दैनिक १७-१७ करोड लिटर आएपछि मात्रै उपत्यकामा खानेपानी समस्याको दीर्घकालीन समाधान सम्भव हुने सम्बन्धित क्षेत्रको दाबी रहेको बुझिन्छ ।

यसर्थ बढ्दो जनभारले गर्दा हराभरा भएका वनजंगलहरूको नाश एकातिर हुँदै छ भने अर्कातिर कृषियोग्य भूमिको ह्रास बढ्दै छ । विकसित देशहरूमा पनि पानीको दुरुपयोग एवं पाइपलाइनमा चुहावट नभएको होइन, जुन लगभग २० देखि ३० प्रतिशतसम्म भएको पाइन्छ । तर, नेपालमा यस किसिमको चुहावट ४० प्रतिशतसम्म हुने अनुमान छ । आजको बदलिँदो युगमा ४० देखि ६० प्रतिशतसम्म खानेपानी चुहावट र दुरुपयोग भइरहेको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

यी समस्याको समाधानका लागि वैकल्पिक उपायहरू अपनाउनुपर्ने हुन्छ । यसबाट के कुराको पुष्टि हुन्छ भने बर्सातको पानीलाई विभिन्न उपायबाट संकलन गरेको खण्डमा हाम्रो दैनिक पानीको आपूर्तिमा निकै ठूलो सहयोग मिल्छ । यसका लागि सम्बन्धित निकायहरूले बेलैमा विचार पुर्याएर कार्य गरेको खण्डमा अवश्य पनि हाम्रो देशका जनतालगायत उपत्यकावासीहरू पानीको समस्याबाट मुक्त हुने कुरामा कसैको पनि दुईमत नहोला ।

यसलाई मध्यनजर राखेर सम्बन्धित निकायले बेलैमा ठोस कदम चाल्न ढिला भइसकेको छ । अतः बेलैमा सचेत भई यसको स्रोत संरक्षण र संवर्द्धनमा उचित ध्यान पुर्याउन सकेको खण्डमा भोलिका आमजनतालाई स्वच्छ, स्वस्थ र पर्याप्त खानेपानीको आपूर्ति हुने कुरामा आशा राख्न सकिन्छ । *(स्रोतः कारोबारदैनिक)*

# जितपुर-सिमरा टी-२० क्रिकेटको उपाधि मकवानपुरले जित्यो




समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिकामा भएको जितपुर-सिमरा कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि मकवानपुर जिल्ला क्रिकेट संघले जितेको छ। शनिबार जितपुर उपमहानगरपालिकाको सेज क्रिकेट मैदानमा भएको फाइनल खेलमा मकवानपुर जिल्लाले पर्सा जिल्लाको क्रिकेट टिमलाई ७ विकेटले हराउँदै उपाधि जितेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको पर्सा जिल्लाले २० ओभरमा सबै विकेट गुमाएर ९० रन बनाएको थियो । पर्सा जिल्लाले दिएको ९१ रनको लक्ष्य पछ्याएको मकवानपुरले १२ ओभरमा ३ विकेट गुमाएर लक्ष्य भेट्टायो ।

पर्साको तर्फबाट सुरज पटेलले ४५ रन जोड्न सफल भएका थिए । हसिफ अन्सारीले १० रन बनाएका थिए । बलिङतर्फ मकवानपुरबाट असिम श्रेष्ठले सर्वाधिक ३ विकेट लिन सफल भएका थिए । यस्तै, पिउस शर्माले २ विकेट लिएका थिए । विशाल फुँयाल र रोहित ठाकुरले समान १-१ विकेट लिएका थिए ।

मकवानपुरको तर्फबाट तक्षक सिम्खडाले २० रन बनाएका थिए। विशाल फुँयालले २५ रनको योगदान दिएका थिए। सक्षमले बिना आउट १४ रन बनाएका थिए। पर्साको तर्फबाट समसाद मन्सुरीले ३ विकेट लिन सफल भएका थिए ।

प्रतियोगिताको उपाधि विजेता मकवानपुरले १ लाख रुपैयाँ र उपविजेता पर्साले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी बन्दै मकवानपुरका शुभ कंसाकारले १० हजार रुपैयाँ प्राप्त गरेका छन् । यस्तै, सर्वोकृष्ट ब्याट्सम्यान मकवानपुरका शुभ कंसाकार घोषित भएका छन् ।

अभियान नेपाल बाराको आयोजनामा भएको प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको थियो। यसअघि सम्पन्न भएको सेमिफाइनल खेलमा मकवानपुरले भैरहवा क्लबलाई हराउँदै समूह 'बी'को विजेता बन्दै फाइनलमा प्रवेश गरेको थियो भने पर्साले जितपुर सिमरा स्पोर्टस्लाई हराउँदै समूह 'ए'को विजेता बन्दै फाइनलमा प्रवेश गरेको हो ।

# नेपाली भाषा शिक्षक समितिको जिल्ला भेला सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाली भाषा शिक्षक समिति मकवानपुरको पाँचौं वार्षिक जिल्ला भेला सम्पन्न भएको छ । शनिबार जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा नेपाली भाषा शिक्षक समितिका अध्यक्ष केशवप्रसाद सञ्जेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाली भाषा शिक्षक समितिका सचिव ज्योति न्यौपानेले संस्थाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। मकवानपुरमा २०५८ साल असार १५ गते नेपाली भाषा शिक्षक समिति गठन गरी समितिलाई पूर्णता दिइएको उहाँले बताउनुभयो । मकवानपुरका २६ जना माध्यमिक तहका नेपाली विषयको शिक्षकहरुको भेलाले समिति गठन गरेको थियो । समितिको संस्थापक संयोजकमा नेपाली भाषा शिक्षक एवम् त्रिभुवन माध्यमिक विद्यालय नवलपुरका तत्कालीन प्रधानाध्यापक ध्रुवप्रसाद भट्टराई हुनुहुन्थ्यो। भट्टराईको संयोजकत्वमा ११ सदस्यीय नेपाली भाषा शिक्षक समिति मकवानपुर गठन भएको थियो । समितिले संस्था नवीकरणको लागि आवश्यक प्रक्रिया पूरा गर्नेजस्ता विभिन्न कार्य गरेको उहाँको भनाइ छ ।

आगामी दिनमा संस्थाले भाषाको विकास हुने कार्यक्रमहरू, कविता, कथा, निबन्ध प्रतियोगिता सञ्चालन गर्ने, वादविवाद, वक्तृत्वकला प्रतियोगिता, शुद्ध पठन, द्रुत पठन प्रतियोगिता सञ्चालन गर्ने, जिल्लामा क्रियाशील साहित्यिक संस्थाहरुसँग सहकार्य गरी बालबालिकाहरुलाई भाषा साहित्यमा रुचि जगाउने कार्यक्रम गर्ने, नेपाली व्याकरणका बारेमा प्रतियोगितात्मक कार्यक्रम सञ्चालनजस्ता कार्य गर्ने योजना रहेको सचिव न्यौपानेले बताउनुभयो ।

कार्यक्रममा कोषाध्यक्ष सुशीला चौलागाईले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। संस्थामा बैंक मौज्दात, सदस्यता नवीकरणबाट ६४ हजार ४९ रुपैयाँ रकम रहेको र विभिन्न शीर्षकमा ५३ हजार ७ सय खर्च भएको जानकारी गराउँदै बैंक मौज्दात ११ हजार ५९ रुपैयाँ रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार रामचन्द्र आचार्य फुर्सती, संस्थाका विशिष्ट आजीवन सदस्य ध्रुवकुमार भुजेल, संस्थाका सल्लाहकार विष्णु गौतम, हयग्रीव आचार्य, नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष भोगेन्द्रप्रसाद लुईंटेलगायत विभिन्न विषयगत संस्थाका अध्यक्ष शिक्षकहरुको उपस्थिति रहेको थियो ।

### हेटौंडा उपमहानगर अध्यक्षमा आचार्य

हेटौंडाः नेपाली भाषा शिक्षक हेटौंडा उपमहानगरपालिका समितिको अध्यक्षमा पुरुषोत्तम आचार्य चयन हुनुभएको छ । शनिबार हेटौंडामा भएको पाँचौं वार्षिक जिल्ला भेलाको अवसरमा आचार्यको अध्यक्षतामा उपमहानगर समिति चयन भएको हो । समितिको सचिवमा सीएम रिमाल र कोषाध्यक्षमा गोमादेवी दाहाल रहनुभएको छ । संस्थाको सदस्यहरुमा अर्चना दाहाल, नवीना महत, मनिता सिंह, विधान आचार्य, केशव न्यौपाने, निश्चल श्रेष्ठ, दिपेश लामिछाने र सुन्दर लुईंटेल चयन हुनुभएको छ ।

## जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

# खुलातर्फ तामाङ-विक र भेट्रान्सतर्फ रेग्मी-महर्जनलाई उपाधि




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भएको जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा खुलातर्फको उपाधि हरि तामाङ र चेतन बिकले जितका छन् भने भेट्रान्सतर्फको उपाधि लक्ष्मण महर्जन र रमेश रेग्मीले जितेका छन् ।

शनिबार हेटौंडा-११, थानाभञ्याङको कभर्डहलमा भएको फाइनल खेलमा तामाङ र बिकको जोडीले हिक्मत सिंह पातली र शिव कार्कीको जोडीलाई २-० को सोझो सेटले हराउँदै उपाधि जितेको हो । भेट्रान्सतर्फको फाइनलमा धर्म र दीलिपलाई हराउँदै रेग्मी र महर्जनको जोडीले उपाधि जितेका हुन् ।

खुलातर्फको उपाधि विजेताले ३० हजार रुपैयाँ र उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । भेट्रान्सतर्फको उपाधि विजेता टिमले २० हजार रुपैयाँ र उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

यस्तै, वर्ष २०८० को उदीयमान खेलाडी बन्न सफल स्वीकार थापा र श्रवण श्रेष्ठलाई शान्ति अप्टिकलका प्रोपाइटर सुदीप ठकुरीले नगर ५ हजार रुपैयाँ र सम्मानपत्र प्रदान गर्नुभएको छ । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै खुलातर्फ पालुङका सुदर्शन दुलाल र भेट्रान्सतर्फ लक्ष्मण महर्जनले ५ हजार रुपैयाँ तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य तथा ब्याडमिन्टन संघका अध्यक्ष विष्णु घिमिरेको अध्यक्षतामा पुरस्कार वितरण भएको संघका सदस्य नरेन्द्र मोक्तानले जानकारी दिनुभएको छ । पुरस्कार वितरण कार्यक्रममा नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिले र संघका उपाध्यक्ष विजय सिंह ठकुरीको उपस्थिति रहेको थियो ।

प्रतियोगितामा खुला उमेर समूहमा ४५ र भेट्रान्सतर्फ १३ टिमको सहभागिता रहेको संघका सदस्य मोक्तानले जानकारी दिनुभएको छ । प्रतियोगिता आयोजनाका लागि विभिन्न निकाहरुबाट सहयोग प्राप्त भएको थियो ।

शनिबार भएको सेमिफाइनल खेलमा हरि तामाङ र चेतन विकले नरेन्द्र मोक्तान र देवकुमार अर्याललाई २-१ को सेटले हराउँदै फाइनलमा प्रवेश गरेका थिए भने भेट्रान्सतर्फ वीरु गुरुङ र ईन्द्र कार्कीलाई २-० को सोझो सेटले हराउँदै महर्जन र रेग्मी फाइनलमा प्रवेश गरेका हुन् ।

# आधुनिक राष्ट्रिय माविद्वारा कक्षा १० का विद्यार्थीलाई विदाई



*आधुनिक राष्ट्रय माध्यमिक विद्यार्थीलाई विदाई गर्नुहुँदै शिक्षिका लक्ष्मी खनाल ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले कक्षा-१० का विद्यार्थीलाई विदाई गरेको छ। माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी हुने विद्यार्थीलाई शनिबार विद्यालयले कार्यक्रमसहित विदाई गरेको हो ।

विदाई कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समीम खानको सभाध्यक्ष तथा विद्यालयकी निमित्त प्रधानाध्यापक मालती पोखरेलको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा कक्षा १० का करिब २ सय जना विद्यार्थीहरु सहभागी भएको जनाइएको छ। यस वर्षको एसईईमा आधुनिकबाट ३ सय ३९ जना विद्यार्थीहरु सहभागी हुँदैछन् ।

विगतका वर्षहरुमा माध्यमिक शिक्षा परीक्षा (एसईई)मा जिल्ला प्रथम हुँदै आएको आधुनिक राष्ट्रिय माविले यो वर्ष पनि उच्च नतिजा ल्याउने लक्ष्य लिएको छ । विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्ने र राम्रो नतिजाका लागि अभ्यास परीक्षापछि पनि दैनिक २ वटा विषयको दरले परीक्षा लिएको निमित्त प्रधानाध्यापक पोखरेलले जानकारी दिनुभएको छ । दैनिक २ वटा विषयको ६ घण्टाको परीक्षा लिने गरेको बताउनुहुँदै पोखरेलले एउटा बेन्चका २ जना विद्यार्थीलाई फरक प्रश्नपत्र दिएर परीक्षा लिने गरेको बताउनुभयो ।

विद्यार्थीहरुले प्राप्त गरेको अंकको आधारमा अतिरिक्त कक्षामा सहभागी गराउने गरेको उहाँले बताउनुभयो। परीक्षामा सहभागी हुने सम्पूर्ण विद्यार्थीहरुलाई अनुशासनको पालना गर्न, परीक्षाको मापदण्डबिरुद्ध नजान र प्रवेशपत्र जतन गरेर राख्न उहाँले आग्रह गर्नुभयो । विदाई कार्यक्रममा विद्यार्थीहरुले एक-अर्काको सर्टमा कलमले कोरेका थिए। विद्यालय व्यवस्थापन समिति अध्यक्ष खानले एसईईलाई सामान्य मानेर परीक्षा राम्ररी दिन सबै विद्यार्थीहरुलाई आग्रह गर्नुभयो । थोरै नतिजाले चित्त नबुझ्ने भएकाले राम्रो नतिजा ल्याउनका लागि सबैलाई मिहिनेत गर्न उहाँले आग्रह गर्नुभयो । विद्यालयका परीक्षा संयोजक कृष्णगोपाल श्रेष्ठले परीक्षाको समयमा पालना गर्नुपर्ने नियमका बारेमा बताउनुभयो । कार्यक्रममा विद्यालयका शिक्षकहरुको उपस्थिति रहेको थियो ।

## कैलाश अध्यक्ष कप फुटबल

# उपाधि वडा नम्बर १० लाई

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा आयोजना भएको दोस्रो संस्करणको अध्यक्ष कप फुटबल प्रतियोगिताको उपाधि १० नम्बर वडाले जितेको छ । शनिबार कैलाश-९, नामटारमा भएको फाइनल खेलमा वडा नम्बर ५ लाई ३-० गोलले हराउँदै वडा नम्बर १० ले उपाधि जितेको हो ।

वडा नम्बर १० को जितमा सुमन स्याङ्तानले दुई र बुद्ध थिङले एक गोल गरे । खेलको म्यान अफ द म्याच स्याङ्तान घोषित भए। विजेता १० नम्बर वडाले ७५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता ५ नम्बर वडाले ६० हजार रुपैयाँमा चित्त बुझाएको छ ।

गत संस्करणमा पनि वडा नम्बर ५ लाई २-१ गोलले हराउँदै वडा नम्बर १० ले उपाधि जितेको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी वडा नम्बर ५ का हीरा सिन्तान घोषित भए। यस्तै, उत्कृष्ट फरवार्ड वडा नम्बर १० का सुमन स्याङ्तान, उत्कृष्ट मिडफिल्डर वडा नम्बर ५ का खड्कलाल मोक्तान, उत्कृष्ट गोलरक्षक वडा नम्बर १० का विशाल वाइबा, उत्कृष्ट डिफेन्डर वडा नम्बर ५ का मीनबहादुर मोक्तान र सर्वाधिक गोलकर्ता वडा नम्बर १० का बुद्ध थिङ घोषित भए ।

विजेता र उपविजेता टिमलाई कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकृष्ण मल्ल, कैलाश गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष मोहन वाइबालगायतले पुरस्कार वितरण गर्नुभएको छ । प्रतियोगितामा वडा नम्बर १० ले सेमिफाइनलमा वडा २ लाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो भने उपविजेता वडा नम्बर ५ ले सेमिफाइनलमा वडा नम्बर ६ लाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगिताको समापन कार्यक्रममा २ नम्बर वडाका वडाध्यक्ष राजेन्द्र तामाङ घिसिङ, ९ का वडाध्यक्ष भुवन घलान, १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोन र पालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद रोकालगायतको उपस्थिति रहेको थियो ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ